**Nepalese Culture**
**Vol. 19 : 97-112, 2026**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/nc.v19i01.95021

# लुम्बिनी क्षेत्रसँग सम्बन्धित पुरातात्त्विक तथा ऐतिहासिक तथ्यहरूको विवेचना

**अमित वस्ती**[१]
Email: remamit@gmail.com

**Received Date: Jan. 25, 2026; Accepted Date: April 22, 2026; Published on: June 1, 2026**
**Copyright: @CDNeHCA, Tribhuvan University**

## लेखसार

लुम्बिनी क्षेत्र नेपालको रूपन्देही जिल्लामा अवस्थित विश्वसम्पदा सूचीमा सूचीकृत एक महत्त्वपूर्ण पुरातात्त्विक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक स्थल हो । यो क्षेत्र शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा अन्तर्राष्ट्रिय रूपमा प्रसिद्ध तथा मान्यता प्राप्त छ । यस लेखको मुख्य उद्देश्य लुम्बिनी क्षेत्रसँग सम्बन्धित उत्खनन्, अभिलेख तथा यात्रा वर्णनहरूलाई विश्लेषण गरेर यससँग जोडिएका विद्यमान बहसहरूलाई पहिचान गरी, विश्लेषण गर्दै यहाँको प्राचीनता र महत्त्वलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मजबुत रूपमा उजागर गर्नु हो । सन् १८९६ मा लुम्बिनीबाट प्राप्त मौर्यसम्राट अशोकको स्तम्भ अभिलेखले लुम्बिनीलाई शाक्यमुनि बुद्ध जन्मस्थलको रूपमा प्रमाणित गरेको छ । यो लेखले लुम्बिनीको पहिचानसँग जोडिएका विभिन्न ऐतिहासिक तथा पुरातात्त्विक बहसहरूमा अध्ययन केन्द्रित गरेको छ । यस लेखमा लुम्बिनीको आधिकारिकताको विषयदेखि लुम्बिनीको अशोक शिलास्तम्भ पत्ता लगाउने व्यक्ति, प्रारम्भिक चरणमा यस क्षेत्रमा गरिएका उत्खनन् तथा जीर्णोद्धार, यस क्षेत्रका अशोक शिलास्तम्भको प्रमाणिकता, शिलास्तम्भको लेख र जन्मस्मारक शिलाको व्याख्या तथा सम्राट अशोकको नेपाल भ्रमण लगायतका विषयहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राज्ञिक जगत्मा हुनेगरेका बहसहरूको पहिचान तथा तिनको विश्लेषण गर्ने प्रयास गरिएको छ । यो गुणात्मक अनुसन्धान विधि र साहित्यिक समीक्षामा आधारित लेख हो । लेखको विश्लेषणको क्रममा विविध प्राचीन स्रोतहरू, विभिन्न विद्वान्हरूका कृति तथा अभिलेखहरूको समेत उपयोग गरिएका छन् । यसबाहेक, विभिन्न इतिहासकार तथा लेखकहरूका लेखरचनाहरू लगायत प्राचीन ग्रन्थ, यात्रा वर्णन तथा यूनेस्कोका प्रतिवेदनहरूलाई पनि तथ्यहरूको स्रोतको रूपमा उपयोग गरी वस्तुनिष्ठ ढङ्गले तथ्यहरूको विश्लेषण सहित अध्ययनको निष्कर्ष प्रस्तुत गरिएको छ । लुम्बिनी क्षेत्रको ऐतिहासिक तथा पुरातात्त्विक यथार्थलाई थप प्रस्ट पार्नका निम्ति यस क्षेत्रको अझै धेरै वैज्ञानिक अध्ययन तथा अनुसन्धान आवश्यक छ ।

**सूत्रशब्द :** अशोक शिलास्तम्भ, जन्मस्मारक शिला, बहस, लुम्बिनी, सम्राट अशोक ।

१ अमित वस्ती त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गतको नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय विभाग, कीर्तिपुर काठमाडौंमा दर्शनाचार्य/विद्यावारिधि तहका शोधार्थी हुन् । उनको शैक्षिक रुचि इतिहास, संस्कृति तथा पुरातात्विक अध्ययनको क्षेत्रमा केन्द्रित छ । विशेषतः बसाइँसराइ, सांस्कृतिक अन्तर्क्रिया तथा नेपाली समाजमा देखिने सांस्कृतिक सम्मिश्रणसम्बन्धी विषयमा अध्ययन-अनुसन्धानमा उनी संलग्न छन् ।

## परिचय

ऐतिहासिक तथा पुरातात्त्विक बहसले कुनै निश्चित विषयको इतिहास तथा त्यसको पुरातत्त्वको सम्बन्धमा भएका विचार-विमर्श, विवाद, वैचारिक मत-मतान्तर तथा मतभिन्नताहरूलाई जनाउँदछ । यस्ता बहसहरू निश्चित विषयको इतिहास तथा प्राप्त अवशेषहरूको व्याख्या तथा पुनर्व्याख्या, पुरातात्त्विक सामग्रीहरू तथा पुरातन सभ्यताको खोज, त्यसको अध्ययन विधि तथा पद्धति, खोजहरूको अर्थ तथा निष्कर्षहरूको वैधता लगायतका विषयहरूसँग मुख्य रूपमा केन्द्रित रहेका हुन्छन् । नेपालको इतिहास तथा पुरातत्त्वको सन्दर्भमा पनि प्राचीन सभ्यता, सांस्कृतिक सम्पदा तथा तिनको संरक्षण, ऐतिहासिक घटना, पुरातात्त्विक प्रमाणहरूको अध्ययन तथा तिनको व्याख्या, विद्यमान ऐन, नियम तथा कानून लगायतका विभिन्न विषयहरूसँग सम्बन्धित विविध बहसहरू सिर्जना हुने गरेका पाइन्छन् ।

इतिहास, संस्कृति तथा पुरातत्त्वको सन्दर्भसँग सम्बन्धित बहसहरूले ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका विषयहरूमा नयाँ दृष्टिकोण प्रस्तुत गर्न निक्कै महत्त्वपूर्ण भूमिका खेल्दछन् । विगतलाई बुझ्नका निम्ति मात्र नभई वर्तमान समाज र संस्कृतिको संरचना तथा विकासक्रमलाई समेत यस्ता बहसहरूले प्रकाशमा ल्याउने गर्दछन् । नेपाल जस्तो ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक विविधताले भरिपूर्ण देशमा विशेषगरी इतिहासप्रतिको धारणा निर्माण गर्न, सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न, पुरातात्त्विक अनुसन्धानको प्रभावकारिता परीक्षण गर्न तथा त्यसको प्राथमिकता निर्धारण गर्न, अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने लगायतका दृष्टिकोणहरू विकास गर्न यस्ता बहसहरूले महत्त्वपूर्ण आधार प्रदान गर्दछन् ।

लुम्बिनी क्षेत्र नेपालको रूपन्देही जिल्लामा अवस्थित विश्व सम्पदा सूचीमा सूचीकृत स्थल हो । यस क्षेत्रले शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा विश्वव्यापी मान्यता प्राप्त गरेको छ । ईसापूर्वको तेस्रो शताब्दीमा मौर्य सम्राट अशोकले लुम्बिनीको भ्रमण गरी स्थापित गरेको शिलास्तम्भ तथा त्यसमा ब्राह्मी लिपिमा उत्कीर्ण गरिएको पाली भाषाको लेख यस स्थललाई शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा स्पष्ट चित्रण गर्ने आधार हो (जोशी, वि.सं. २०१९, पृ.१५) । अभिलेखमा उल्लेख भएको *"हिद बुधे जाते सक्य मुनी-ति"* भन्ने वाक्यांशले बुद्धको जन्म लुम्बिनीमा भएको प्रमाणित गर्दछ । साथै सम्राट अशोकको लुम्बिनी भ्रमणले यस क्षेत्रमा बौद्ध धर्मको प्रचार तथा लुम्बिनी क्षेत्रको संरक्षणमा उनको योगदानलाई प्रस्ट रूपमा झल्काएको छ (जोशी, वि.सं. २०१९, पृ.१५) ।

लुम्बिनी बौद्ध इतिहास र पुरातत्त्वको दृष्टिले महत्त्वपूर्ण क्षेत्र हो । यो क्षेत्रलाई दक्षिण एसियाली सभ्यताको साझा सम्पदाका रूपमा लिन सकिन्छ । यस क्षेत्रसँग सम्बन्धित पुरातात्त्विक उत्खनन, ऐतिहासिक अभिलेख, शिलालेख तथा प्राप्त अवशेषहरूले लुम्बिनीको प्राचीनता र यस स्थलको धार्मिक महत्त्वको पुष्टि गरे तापनि यसको पहिचान, उत्खननको प्रमाणिकता, सम्राट अशोकद्वारा स्थापित स्तम्भहरूको व्याख्या तथा सम्राट अशोकको नेपाल भ्रमणको सन्दर्भमा भने समय समयमा विभिन्न बहसहरू हुने गरेका पाइन्छन् । यस अध्ययनमा लुम्बिनी र यस क्षेत्रसँग सम्बन्धित बहसका विविध विषयहरूलाई समेटिएको छ । सम्राट अशोकद्वारा लुम्बिनी क्षेत्रमा स्थापित शिलास्तम्भ तथा उनको नेपाल भ्रमणसँग सम्बन्धित विषयलाई पनि यस अध्ययनमा समेटिएको छ । प्राप्त स्रोत-सामग्री, तथ्य, अभिलेख तथा उत्खनन् नतिजाहरूका आधारमा तुलनात्मक दृष्टिले ती बहसहरूका प्रमुख विषयवस्तुलाई यस अध्ययनमा पहिचान तथा विश्लेषण गर्न खोजिएको छ । लुम्बिनी र

यस क्षेत्रसँग सम्बन्धित ऐतिहासिक तथा पुरातात्त्विक बहसहरूको पहिचान तथा विश्लेषण गरिएको छ । यिनै विषयसँग जोडिएका विविध छलफल, विचार-विमर्श, विवाद, वैचारिक मत-मतान्तर तथा मतभिन्नताहरूले सम्पूर्ण लुम्बिनी क्षेत्र तथा बौद्ध सभ्यताको साझा सम्पदा अध्ययनका लागि महत्त्वपूर्ण आधार प्रदान गर्छन् । साथै, भविष्यमा गरिने अनुसन्धानका लागि नयाँ मार्गनिर्देश गर्न सक्ने अपेक्षा पनि यस अध्ययनमा राखिएको छ ।

लुम्बिनी क्षेत्रसँग सम्बन्धित विषयमा विभिन्न ऐतिहासिक तथा पुरातात्त्विक बहसहरू निरन्तर रूपमा उठ्दै आएका छन् । विशेषतः लुम्बिनीको पहिचान, त्यस क्षेत्रमा अवस्थित अशोक शिलास्तम्भहरूको खोज, त्यसलाई पत्ता लगाउने व्यक्तिको विषय, त्यस क्षेत्रमा प्रारम्भिक चरणमा गरिएका उत्खनन् तथा जीर्णोद्धार कार्य, अशोक स्तम्भमा उत्कीर्ण लेखहरूको व्याख्या, जन्मस्मारक शिलाको विषयमा गरिएका व्याख्या साथै सम्राट अशोकको नेपाल भ्रमणसँग सम्बन्धित विषयहरूमा इतिहासकार तथा पुरातत्त्वविद्हरूबीच विभिन्न दृष्टिकोण र मतभेद रहेका छन् ।

उल्लिखित विषयहरूमा प्रस्तुत गरिएका फरक-फरक तर्क, प्रमाण र व्याख्याहरूका कारण कतिपय ऐतिहासिक तथ्यहरू अझै स्पष्ट रूपमा स्थापित हुन सकेका छैनन् । यस सन्दर्भमा लुम्बिनीको ऐतिहासिक पहिचान, अशोक स्तम्भको खोज र अभिलेखीय प्रमाणहरूको व्याख्या तथा सम्राट अशोकको नेपाल भ्रमणसँग सम्बन्धित विषयहरूमा विद्यमान बहसहरूको वास्तविक स्वरूप के हो ? भन्ने प्रश्न अध्ययनको प्रमुख समस्याको रूपमा देखा परेको छ । अतः समग्रमा लुम्बिनी क्षेत्रसँग सम्बन्धित विभिन्न ऐतिहासिक तथा पुरातात्त्विक बहसहरूको पहिचान तथा तिनको यथोचित विश्लेषण हुन नसक्नु नै यो अध्ययनको मूल समस्या हो ।

## अध्ययनको उद्देश्य

विविध साहित्यहरूमा लम्बिनीको ऐतिहासिक महत्त्व, बुद्ध जन्मस्थलको रूपमा पहिचान तथा अशोककालीन अवेशषहरूको चर्चा गरिएको छ । तर यी विषयहरूलाई समेटेर समग्र, तुलनात्मक तथा विश्लेषणात्मक अध्ययन भने अझै पर्याप्त रूपमा हुन सकेको देखिँदैन । अतः यी विषयहरूमा रहेका विविध विद्वत् बहसहरूको व्यवस्थित पहिचान तथा समीक्षात्मक विश्लेषणको अभाव नै यस अध्ययनले सम्बोधन गर्न खोजेको प्रमुख अनुसन्धानात्मक अन्तराल रहेको हुँदा निम्न लिखित उद्देश्य राखी सो अर्न्तरालको परिपूर्ति गर्न खोजिएको छ

- लुम्बिनीको पहिचान र अशोक शिलास्तम्भको वास्तविक खोजकर्ता सम्बन्धमा रहेको मत-मतान्तरहरूको खोजी गर्नु ।
- लुम्बिनी क्षेत्रमा गरिएका उत्खनन् तथा जीर्णोद्धार कार्यसँग सम्बन्धित बहसहरूको विश्लेषण गर्नु ।
- अशोक शिलास्तम्भमा उत्कीर्ण गरिएका लेखहरू तथा जन्मस्मारक शिलासँग सम्बन्धित विषयहरूको उजागर गर्नु।
- सम्राट अशोकको नेपाल भ्रमणसँग सम्बन्धित विभिन्न ऐतिहासिक बहसहरूको विश्लेषण गर्नु ।

## अध्ययन सीमाङ्कन

यस अध्ययनमा लुम्बिनी क्षेत्रसँग सम्बन्धित सम्पूर्ण ऐतिहासिक तथा पुरातात्त्विक पक्षहरूको विस्तृत अध्ययन गरिएको छैन । उल्लिखित विषयका केही महत्त्वपूर्ण विषयवस्तुहरूलाई मात्र समेटिएको छ । विशेषतः लुम्बिनीको पहिचान, लुम्बिनीको अशोक शिलास्ताम्भ पत्ता लगाउने व्यक्तिसम्बन्धी मत-मतान्तर, यस क्षेत्रमा प्रारम्भिक चरणमा गरिएका उत्खनन् तथा जीर्णोद्धार कार्य, अशोक शिलास्तम्भ र यसमा उत्कीर्ण गरिएका

लेखहरू, जन्मस्मारक शिलासम्बन्धी बहस तथा सम्राट अशोकको नेपाल भ्रमणसँग सम्बन्धित विषयहरूमा केन्द्रित बहसहरूलाई मात्र अध्ययनको दायराभित्र राखिएको छ । अध्ययनमा लुम्बिनी क्षेत्रसँग सम्बन्धित सम्पूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटनसम्बन्धी विषयहरूको व्यापक विश्लेषण गरिएको छैन । अतः यस अध्ययनलाई लुम्बिनी र यस क्षेत्रसँग सम्बन्धित प्रमुख ऐतिहासिक तथा पुरातात्त्विक बहसहरूको पहिचान र विश्लेषणसम्म मात्र सीमित गरिएको छ ।

## अध्ययन विधि

यो अनुसन्धानको गुणात्मक विधिमा आधारित रहेर लेखिएको लेख हो । यो लेखमा द्वितीयक तथ्याङ्कहरू मात्र प्रयोग गरिएका छन् । द्वितीयक तथ्याङ्कहरूका स्रोतको रूपमा विभिन्न विद्वान्हरूका साहित्य, अध्ययन, पुस्तक तथा लेख-रचनाका साथै विद्युतीय स्रोतको पनि उपयोग गरिएको छ । यस अध्ययनमा वर्णात्मक विधि अपनाइनुका साथै विषयको विस्तृत व्याख्याको लागि विश्लेषणात्मक विधिको समेत उपयोग गरिएको छ ।

## मूल प्राप्ति

उल्लिखित विषयलाई अध्ययनको केन्द्रबिन्दुमा राखेर गरिएका प्राज्ञिक विश्लेषणहरूलाई अध्ययन परिणामको रूपमा विभिन्न उपशीर्षकहरूमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### लुम्बिनी सम्बन्धी बहस

तत्कालीन समयसम्ममा अन्तर्राष्ट्रियरूपमा नै चासोको विषयमा रहेको शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी कहाँ थियो भन्ने विषयको बहस सन् १८९६ मा हाल नेपालको लुम्बिनी प्रदेश, रूपन्देही जिल्लाको रूम्मिनदेइ भन्ने स्थानमा मौर्य सम्राट अशोकको बुद्ध जन्मसम्बन्धी लेखिएको शिलास्तम्भ प्राप्त भएपछि टुङ्गिएको मानिन्छ । डिसेम्बर १, १८९६ मा तत्कालीन राणा जनरल खड्ग शमशेर र जर्मन पुरातत्त्वविद् डा. एलोइस एन्टोन फुहररको संयुक्त प्रयासले अशोक स्तम्भ पत्ता लागाउँदै यसलाई सार्थक तुल्याएको थियो (Vaidya, 1999, p.5) । यो खोज नेपाली इतिहास तथा पुरातत्त्वको क्षेत्रमा एउटा महत्त्वपूर्ण कोसेढुङ्गा सावित भएको छ ।

यस खोजले ईस्वीको पाचौँ शताब्दीमा चिनियाँ यात्री फाहियानको यात्रावृत्तान्तमा उल्लेख भएको लुम्बिनीको भौगोलिक विवरण र ईस्वीको सातौँ शताब्दीमा चिनियाँ यात्री ह्वेनसाङको यात्रावृत्तान्तमा उल्लेख भएको लुम्बिनीको अशोक स्तम्भ तथा भौगोलिक विवरणसँग मेल खाएको पुष्टि गर्दै बौद्ध इतिहासको एउटा ठूलो रहस्यको समाधान गरेको पाइन्छ (प्रधान, वि.सं. २०४५, पृ.४८) । विश्वशान्तिका अग्रदूत मानिने गौतम बुद्धको जन्मस्थल रहेको लुम्बिनी क्षेत्रको सम्बन्धमा ऐतिहासिक तथा पुरातात्त्विक प्रमाणहरू प्रस्तुत गर्दै यस विषयमा उठने गरेका विविध उल्झनहरूको समाधान यस खोजले गरिदिएको मानिन्छ ।

जनरल खड्क शमशेर र डा. एलोइस एन्टोन फुहररको सन् १८९६ को संयुक्त प्रयासबाट लुम्बिनीमा प्राप्त मौर्यकालीन शिलास्तम्भले लुम्बिनीसम्बन्धी भ्रमको अन्त्य गरेको छ । पाली भाषा र ब्राम्ही लिपिमा लेखिएको यस शिलास्तम्भमा उक्त स्थान शाक्यमुनी बुद्धको जन्मस्थल रहेको उल्लेख गरिएको छ । उक्त समयमा यस स्थानलाई “लु-मिनी” भन्ने गरिन्थ्यो (बज्राचार्य, वि.सं. २०६३, पृ.४८) । सम्राट अशोकको लुम्बिनी स्तम्भको अभिलेखको अर्थ ठम्याइएपछि भगवान बुद्धको जन्मस्थल लुम्बिनी यही हो भन्ने निश्चित भयो । लुम्बिनी भारतमा

पर्ने यस अघि गरिएका अनुमानहरू गलत साबित भए (प्रधान, वि.सं. २०४५, पृ.५३) । अन्ततः लुम्बिनी क्षेत्र काहाँ थियो भन्ने प्रश्न सदाको लागि निरूपण भयो ।

अशोक स्तम्भमा लेखिएको लेखको अनुवादपछि बलियो पुरातात्त्विक प्रमाणको आधारमा शाक्यमुनि बुद्धको जन्मस्थलको विवाद अन्त्य भएको मान्न सकिन्छ । सन् १९९७ मा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (UNESCO) ले पनि यस स्थललाई शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा मान्यता दिँदै विश्व सम्पदा सूचीमा समावेश गरेको छ (Rai & Sherpa, 2019, p.32) ।

बलियो ऐतिहासिक तथा पुरातात्त्विक आधारहरूले प्रमाणित गरिसकेको शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनीको विषयमा केही भारतीय इतिहासकार तथा पुरातत्त्वविद्हरूले अझैपनि नकरात्मक बहसहरू चलाउने गरेका छन् । यस्ता भ्रमहरू सिर्जना गर्नेहरूमा चक्रधर माहापात्रा, अजितकुमार त्रिपाठी, सुवास चन्द्र पटनायक, चन्द्रभानु पटेल, प्रफुल्लचन्द्र त्रिपाठी लगायतका भारतीय पुरातत्त्ववेत्ता तथा इतिहासकारहरू छन् ।

उल्लिखित भारतीय इतिहासकारहरूले बुद्ध सहित्यहरूमा उल्लेख गरिएको जम्बुद्विपको मज्झिमदेशमा पर्ने शाक्यमुनि बुद्धको जन्मभूमि हाल भारतको उडिसा राज्यअन्तर्गत पर्ने कपिलेश्वरको लुम्बाई रहेको गलत तथ्यलाई अघि सारेको पाइन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.१८२) । कपिलवस्तु र लुम्बिनीसम्बन्धी भ्रमहरू सिर्जना गर्ने उद्देश्यले गलत मनसायका साथ यी विद्वान्हरूले चिनिया यात्रुहरू फाहियान र व्हेयनसाङ्गले बुद्धको वास्तविक जन्मथलो सही पहिचान गर्न नसकेको आरोप लगाएका छन् (बज्राचार्य, वि.सं. २०७६, पृ.१८३) । यस्ता भ्रमहरूलाई मूर्तरूप दिने तथा यस बहसलाई पुनः विवादास्पद बनाउने प्रयासमा चक्रधर महापात्राले विशेष भूमिका खेल्दै लुम्बिनी अशोक शिलास्तम्भको अभिलेख नै नक्कली भएको दाबीसमेत प्रस्तुत गरेका छन् (उद्धृतः बज्राचार्य, वि.सं. २०७६, पृ.१८२) । यस्ता दाबीहरू प्रायः राष्ट्रियता र सांस्कृतिक दावेदारीसँग जोडिएर आउने गरेका पाइन्छन् । त्यस्ता तर्कहरूमा पर्याप्त पुरातात्त्विक प्रमाणहरूको अभाव रहेको छ ।

सन् १८९६ को रुम्मिनदेईको घना जङ्गलभित्रको अशोक शिलास्ताम्भको खोजले लुम्बिनीसम्बन्धी विश्वव्यापी रूपमा उठेको अनुमानहरूको अन्त्य गरेको थियो । पछिल्लो समयमा लुम्बिनी क्षेत्रमा गरिएका उत्खनन् र प्राप्त परिणामहरूले यसलाई थप पुष्टि गरिसकेका छन् (Rijal, 1984, p.14) । पुरातात्त्विक तथा बलियो अभिलेखीय प्रमाणहरूको आधारमा शाक्यमुनि बुद्धको जन्मस्थल नेपालको लुम्बिनी नै रहेको कुरा सिद्ध भइसकेको छ । तथापि, क्षेत्रीय दावेदारी तथा वैचारिक मतभेदका कारण लुम्बिनी क्षेत्रको सम्बन्धमा यदाकदा उत्पन्न हुने यस्ता ऐतिहासिक तथा पुरातात्त्विक बहसहरूले लुम्बिनीसम्बन्धी अध्ययनलाई अझै जीवन्त बनाइरहेको पाइन्छ । यस्ता बहसहरूले बौद्ध इतिहासको संरक्षण र अनुसन्धानको क्षेत्रमा थप सतर्कता अपनाउन आवश्यक रहेको सन्देश दिँदै लुम्बिनीको विश्वव्यापी मान्यतालाई अन्ततः अझ मजबुत बनाएर लैजाने देखिएको छ ।

## लुम्बिनीको अशोक शिलास्तम्भको वास्तविक खोजकर्ता सम्बन्धी बहस

जोशीले मधेश फाँट ओर्लेका तत्कालीन पाल्पाका बडाहाकिम जनरल खड्ग शमशेरको क्याम्प नजिकैको रूमिनी देहीको घोर जङ्गलमा डा. फुहररले अशोक स्तम्भ फेला पारेको उल्लेख गरेका छन् (वि.सं. २०१९, पृ.१५) । ँगजचभच ले यस विषयमा जनरल खड्ग शमशेरलाई भग्नावशेषहरूको सफल अन्वेषणमा देखाएको उत्साह र ठूलो सहयोगको लागि कृतज्ञता जाहेर गरेका छन् (1972, p.v) । उनकै सुझावमा जनरल

खड्ग शमशेरले रुम्मिन्देई स्तम्भको उत्खनन् गरेको पनि उनले उल्लेख गरेका छन् (Fuhrer, 1972, p.28)। Rijal ले पनि सन् १८९६ मा डा. फुहररले रूपन्देहीमा पत्ता लगाएको अशोक स्तम्भले शान्तिका दूत गौतम बुद्धको जन्म पश्चिम नेपालको रूपन्देहीमा भएको कुरा पुष्टि गरेको उल्लेख गरेका छन् (1984, p.12)।

प्रधानले यस विषयमा फरक मत राख्दै लुम्बिनीको अशोक स्तम्भ पत्ता लगाउने व्यक्तिको सम्बन्धमा वास्तविक तथ्यको जानकारी अभावले हालसम्म पनि मानिसहरूमा गलत धारणा रहिरहेको उल्लेख गरेका छन् (वि.सं. २०४५, पृ.४८)। उनका अनुसार तत्कालीन भारतीय पुरातत्त्व सर्वेक्षण विभागका कर्मचारी डा. फुहररले लुम्बिनीको अशोक स्तम्भ पत्ता लगाएको भनिए तापनि वास्तवमा स्थानीयहरूको सूचनाको आधारमा खड्ग शमशेरले उत्खनन् कार्य सकिसक्दा डिसेम्बर १ तारिखका दिन डा. फुहरर आइपुगेर स्तम्भको तस्बिरमात्र खिचेका थिए (प्रधान, वि.सं. २०४५, पृ.४९)। पि. लायन्डन लगायतका विद्वान्ले यो भ्रमलाई ठाउँ दिएबाट यसको अरू बढी प्रचार भएको तथा अरू केही लेखकहरूले पनि यसै धारणालाई आधार मान्दा गलत तथ्य उत्पन्न हुनपुगको उनको विष्लेषण छ (प्रधान, वि.सं. २०४५, पृ.५०)।

बज्राचार्यले यस विषयमा डा. ए. ए. फुहरर खड्ग शमशेरलाई भेट्न सन् १९९६, डिसेम्बर १ मा उनको क्याम्पमा आइपुग्दा क्याम्पको निकट भग्नावशेष, स्तूपा र उत्खनन् गर्दै गरेको जमिनी सतहभन्दा अन्दाजी १० फिट (३.६४ मिटर) माथि उठेको स्तम्भलाई फुहररले पहिलोपल्ट देखेको उल्लेख गरेका छन् (वि.सं. २०७६, पृ.१७९)। उनका अनुसार उत्खनन् गरिरहेको स्तम्भमा ब्राह्मी लिपिमा उत्कीर्ण गरिएको अभिलेखलाई निग्लीहवा अभिलेखको आधारमा पहिचान गरेपछि हत्तपत्त स्तम्भमा देखिएको अभिलेखको फोटो खिचेर फुहरर पुनः लखनाउतर्फ फर्केका थिए (बज्राचार्य, वि.सं. २०७६, पृ.१७९)। सन् १८९६ डिसेम्बर २३ का दिन पहिलो पटक अलाहबादबाट निस्कने अङ्ग्रेजी दैनिक *दि पायनियर* मा उक्त स्तम्भ फुहरर आफुले पत्ता लगाएको दाबीसहितको लेख प्रकाशित गरेको उल्लेख समेत उनले गरेका छन् (बज्राचार्य, वि.सं. २०७६, पृ.१८०)।

यस सन्दर्भमा श्रीलङ्काली लेखक टि. बिजयतुङ्ग र लेखक एल. ए. वाडेलले पनि लुम्बिनीको अशोक शिलास्तम्भ उत्खनन् गर्न तीन फीट बाँकी रहँदा मात्र १ डिसेम्बर १८९६ मा डा. ए. ए. फुहरर उत्खनन् स्थल पुगेको वर्णन गरेको पाइन्छ (प्रधान, वि.सं. २०४५, पृ.५०)।

Vaidya ले पाल्पाका गभर्नर जनरल खड्ग शमशेर राणा र डा. फुहररको संयुक्त प्रयासबाट डिसेम्बर १, १८९६ मा अशोक स्तम्भको खोज सम्भव भएको उल्लेख गरेका छन् (1999, p.5)। वज्राचार्यले नेपालका पश्चिमाञ्चल कमाण्डिङ्ग जनरल श्री खड्गशम्शेर र सुप्रख्यात पुरातत्त्वविद् श्री डा. एलोइज एन्टोन फुहररले सन् १८९६ डिसेम्वर १ तारिकका दिन अशोकस्तम्भ भेट्टाएको वर्णन गरेका छन् (वि. स. २०६३, पृ.५३)। लुम्बिनी विकास कोषद्वारा प्रकाशित पुस्तकमा पनि सन् १८९६ मा पाल्पाका गभर्नर जनरल खड्ग शमशेरले डा. एन्टोन फुहररसँग मिलेर आयोजना गरेको एउटा अभियानले शाक्यमुनि बुद्धको जन्मस्थललाई पहिचान गर्ने अशोक स्तम्भ पत्ता लगाएको उल्लेख गरिएको छ (Rai & Sherpa, 2019, p.13)। यसप्रकार लुम्बिनीको अशोक शिलास्तम्भ पत्ता लगाउने व्यक्तिका सम्बन्धमा साहित्यहरूमा प्राप्त भिन्न-भिन्न मतले यस विषयमा बहसको अवस्था उत्पन्न गरेको देखिएको छ।

लुम्बिनीको अशोक शिलास्तम्भको खोजकर्ताको विषयमा विद्वान्हरूबीच रहेको विवादले नेपालको पुरातात्त्विक इतिहासमा एउटा महत्त्वपूर्ण बहसको स्थिति सिर्जना गरिदिएको छ। एकातर्फ इतिहासविद्

सत्यमोहन जोशी र पुरातत्त्वविद् बाबुकृष्ण रिजाल जस्ता लेखकहरूले डा.फुहररलाई मुख्य खोजकर्ताको रूपमा उल्लेख गरेका छन् । अर्कोतर्फ भुवनलाल प्रधान र गौतम वीर बज्राचार्य जस्ता इतिहासकार तथा लेखकहरूले तत्कालीन पाल्पाका बडाहाकिम खड्ग शमशेरको निर्णायक भूमिका रहेको उल्लेख गर्दै डा.फुहररले पछिमात्र सहभागिता जनाएको र श्रेय बढाईचढाई गरेको तर्क अघि सारेका छन् । टी. आर. वैद्य तथा लुम्बिनी विकास कोषको प्रकाशनले यस खोजलाई डा. फुहरर र जनरल खड्ग शमशेर दुवैको संयुक्त प्रयासलाई स्वीकार गर्दै सन् १८९६ डिसेम्बर १ मा भएको उत्खनन् नेपालको पुरातात्त्विक इतिहासमा प्राप्त सफलताको कोसेढुङ्गा सावित भएको मानेका छन् ।

ऐतिहासिक प्रमाणहरू, समकालीन प्रतिवेदनहरू र विद्वान्हरूको व्याख्या हेर्दा जनरल खड्ग शमशेरले स्थानीयहरूको सहयोगमा प्रारम्भिक पहल र उत्खनन् कार्य अघि बढाएका थिए । डा. फुहरर पछि उत्खनन् कार्यको अन्त्यतिर मात्र पुगेका हुन् । स्तम्भको वास्तविक खोजमा खड्ग शमशेरको अग्रणी भूमिका निर्णायक रहेको देखिन्छ । त्यसको अभिलेखन तथा प्रकाशनमा भने डा. फुहररले योगदान पुऱ्याएका हुन् । तथ्यपरक दृष्टिले हेर्दा लुम्बिनीको अशोक शिलास्तम्भको खोज नेपाली नेतृत्व र विदेशी विद्वान्बीचको सहकार्यको ऐतिहासिक उपलब्धि हो । उक्त खोजले शाक्यमुनि बुद्ध जन्मस्थलको प्रमाणिकता विश्व समुदायमा स्थापित गरेको छ । यद्यपि, यस्तो बहसले नेपालमा बौद्ध सम्पदाको संरक्षण र अनुसन्धानमा थप सतर्कता अपनाउन मार्गनिर्देश पनि गरेको छ ।

## प्रारम्भिक चरणका उत्खनन् तथा जीर्णोद्धारसम्बन्धी बहस

नेपाली इतिहास तथा पुरातत्त्वको क्षेत्रमा लुम्बिनी क्षेत्रको उत्खनन् तथा यस क्षेत्रको जीर्णोद्धारसँग सम्बन्धित विषयमा विविध बहसहरू हुनेगरेको पाइन्छ । लुम्बिनी क्षेत्रको प्रारम्भिक उत्खनन्अन्तर्गत लुम्बिनीको अशोक शिलास्तम्भ उत्खनन्को सम्बन्धमा तत्कालीन पाल्पाका बडाहाकिम जनरल खड्ग शमशेरको नाम अग्रपंक्तिमा आउने गरेको छ । तत्कालीन समयमा जनरल खड्ग शमशेरले लुम्बिनी क्षेत्रमा बनजङ्गलको फडानी गर्ने तथा यस स्थानमा रहेका पुरातात्त्विक महत्त्वका वस्तु र अवशेषहरूको खोजी गर्ने अभियान नै चलाएर भगवानपुरको नजिकै पदेरिया गाउँमा क्याम्प खडा गरेर बसेका थिए (बज्राचार्य, वि.सं. २०७६, पृ.१७९) । यसै क्रममा स्थानीय जनताहरूको सूचना र सहयोगको आधारमा जङ्गलमा शिलास्तम्भ फेला परेपछि उत्खनन् कार्य गरिएको हुँदा उक्त उत्खनन्को उद्देश्यको सम्बन्धमा पुरातात्त्विक जगत्मा विशेष ढङ्गले प्रश्नहरू उठ्ने गरेको पाइन्छ ।

कलकत्ता स्थित अङ्ग्रेजी माध्यामको प्रेसिडेन्सी कलेजबाट शिक्षा आर्जन गरेका तथा अङ्ग्रेजी भाषा लेख्न र पढ्नसक्ने दखल भएका जनरल खड्ग शमशेरले पुरातात्त्विक वस्तुको महत्त्व राम्रैसँग बुझेको हुँदा यसको खोजमा विशेष रूचि राखेको हुनसक्दछ (बज्राचार्य, वि.सं. २०७६, पृ.१८०) । लुम्बिनीको अशोक शिलास्ताम्भ उत्खनन् गर्ने क्रममा पुरातात्त्विक स्थलहरूमा बहुमूल्य धातु तथा वस्तुहरू पृथ्वीको गर्भभित्र राखेको हुनसक्ने अनुमान गरेर जनरल खड्ग शमशेरले हात्तीद्वारा बल प्रयोग गरी शिलास्ताम्भ उखेलेर बाहिर निकाल्ने प्रयास गरेका कथनहरू पनि पाइने गरेका छन् (महर्जन, सन् २०१२, पृ.९) । यसले प्राज्ञिक वृत्तमा जनरल खड्ग शमशेरबाट भएको लुम्बिनी अशोक शिलास्ताम्भको उत्खनन्को प्रयोजन तथा वैज्ञानिकताको सम्बन्धमा बहसको स्थिति सिर्जना गरिदिएको छ ।

जनरल खड्ग शमशेरद्वारा सम्पन्न गरिएको लुम्बिनीको अशोक शिलास्तम्भ उत्खनन् कार्यलाई तत्कालीन समयमा घटेको कुनै सामान्य घटना नमानी नेपालको आधुनिक पुरातात्त्विक चेतनाको प्रारम्भिक

मोडको रूपमा व्याख्या गर्न सकिन्छ । स्थानीय जन-सहभागिता, तत्कालीन भारतीय औपनिवेशिक प्रभाव तथा व्यक्तिगत अभियानको संयोजनमा सम्पन्न भएको यस उत्खनन्ले शताब्दीऔंदेखि जमिनमुनि पुरिएर रहेको अशोक स्तम्भलाई पहिलोपटक बाहिरी संसारमा उजागर मात्र गरेको छैन । त्यसमा उत्कीर्ण गरिएको अभिलेखले लुम्बिनीलाई शाक्यमुनि बुद्धको जन्मस्थानका रूपमा अन्तर्राष्ट्रिय स्तरमा प्रमाणित पनि गरिदिएको छ ।

खड्ग शमशेरको लुम्बिनी उत्खनन्लाई उद्देश्यमा अस्पष्टता तथा अवैज्ञानिक मानिए तापनि ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिले अतुलनीय उपलब्धि सावित भएको छ । उक्त उत्खनन्को उद्देश्य र वैज्ञानिकता सम्बन्धी प्रश्नहरू अझै उठिरहे तापनि उनले चालाएको अभियानले नेपालको ऐतिहासिक पहिचान र बौद्ध विश्वसम्पदाको पुनःस्थापनामा निर्णायक योगदान गरेको अस्वीकार गर्न सकिँदैन । यस उत्खनन्ले नेपालको सांस्कृतिक पहिचान, बौद्ध सम्पदाको विश्वव्यापी मान्यता र पुरातात्त्विक अनुसन्धान परम्पराको ढोका खोलिदिएको तथ्य पनि निर्विवाद रहेको छ ।

उत्खननको विषयको बहसकै सन्दर्भमा सन् १८९७ को सगरहवाको उत्खनन्को विषयसँग जोडिएर तत्कालीन भारतीय पुरातत्त्व सर्वेक्षण विभागका कर्मचारी डा.फुहररको नाम आउने गरेको छ । यस उत्खनन्को नाउँमा डा. फुहररले सत्रवटा स्तूप र एउटा ठूलो बनोटको भग्नावशेष ध्वस्त पारेको, उक्त ध्वंसावशेषबाट केही अस्थि, सुनचाँदीका टुक्राहरू, सुनका सर्प, मणि आदि राखिएको माटोको भाँडो निकालेको तथा शाक्यहरूको नरसंहारू भनेर पहिचान गरिएका स्तूपहरूमा राखिएका अवशेषहरू फेला पार्ने आशामा धेरै स्तूपहरू निर्दयी रूपमा नष्ट गरेका उल्लेखहरू पाइन्छन् (Mukherji, 1901, p.3) ।

भारतीय पुरातत्त्वविद् देवला मित्र अनुसार सगरहवा उत्खनन्को सुपरिवेक्षण गर्न कप्तान विरजंगको साहायताको निम्ति सन् १८९७ को डिसेम्बर महिनामा नेपाल दरवारबाट नियुक्त भएका फुहररले सगरहवाको सागर भन्ने ठूलो पोखरीको किनारमा उत्खनन्को नाउँमा सर्वनाश गरेका थिए (प्रधान, वि.सं. २०४५, पृ.५१) । यस उत्खनन्को क्रममा फुहररले शाक्यहरूको नरसंहार भएको स्थानमा इँटाको सत्रवटा वर्गाकार संरचनाहरूको जगमा रहेका फूलदानीहरूमा अस्तु तथा खरानी प्राप्त भएको भनिएको अप्रमाणित रिपोर्ट प्रस्तुत गरेका थिए (Mitra, 1972, p.233) । फुहररको यस उत्खनन्को एउटै उद्देश्य मूल्यवान वस्तु तथा स्मरक राखिएका भाँडाहरू प्राप्त गर्ने भएकाले बनौटका अवशेषहरू जगैसम्म भत्काइएको उल्लेख गर्दै सत्रवटा स्तूप र एउटा ठूलो बनौटको ध्वंसावशेष भडखारो मात्र बाँकी रहनेगरी पुरै बेपत्ता पारिएको पनि पुरातत्त्वविद् देवला मित्रको दावी छ (प्रधान, वि.सं. २०४५, पृ.५२) ।

प्रधानले सगरहवा स्थित माटोमुनि रहेको अमूल्य र अनुपम पुरातात्त्विक सामग्री सधैंको लागि नष्ट गरिदिने डा. फुहरर नै भएको कुरामा कुनै शङ्का नरहेको उल्लेख गरेका छन् (वि.सं. २०४५, पृ.५२) । पुरातात्त्विक सर्वेक्षेणका विशेषज्ञ रहेका फुहररले यी दुर्लभ वस्तुहरू अज्ञानबस बिगारेको सम्भावना नदेखिने उल्लेख गर्दै यसमा उनको गलत मनसायको समेत प्रश्न उठेको उनले विष्लेषण गरेका छन् (प्रधान, वि.सं. २०४५, पृ.५२) । यसप्रकार नेपाली पुरतत्त्व क्षेत्रको बहसको सन्दर्भमा लुम्बिनी स्तम्भ पत्ता लगाउनेदेखि लिएर सगरहवा उत्खनन्को विषयसम्म पनि डा. फुहररको नाम जोडिने गरेको छ ।

डा. फुहररको सगरहवा उत्खनन् विवादमुक्त नरहे तापनि मौर्य सम्राट अशोकद्वारा स्थापित निग्लिहावा स्तम्भलाई सन् १८९५ मा पहिचान गर्ने भूमिकाको लागि उनको योगदानलाई नेपाली पुरातत्त्व जगत्मा धेरै महत्त्वपूर्ण मान्नपर्ने हुन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.१७८) । यस स्थानलाई संसारभरी चिनाइदिने कार्यमा फुहररको

योगदान निक्कै प्रशंसनीय छ। सगरहवा उत्खनन्मा देखिएको गैर-व्यावसायिक भूमिका र अविवेकी दृष्टिकोणले डा. फुहररको व्यक्तित्वलाई विवादास्पद बनाए तापनि उनको खोज प्रयत्नले नेपालको पुरातात्त्विक सम्पदाको विश्वव्यापी परिचय तथा बौद्ध धर्मको ऐतिहासिक स्थलहरूको पुर्नस्थापनामा महत्त्वपूर्ण प्रभाव पारेको छ।

पुरातत्त्वविद् डा. फुहररकै पहल तथा खोज गतिविधिका कारण विश्व समुदायमा पहिलो पटक नेपाली सीमाभित्र रहेका अशोककालीन शिलास्तम्भहरूको पहिचान प्रस्ट रूपमा प्रस्तुत भएको तथ्य ऐतिहासिक रूपमा महत्त्वपूर्ण छ। नेपाली पुरातत्त्व इतिहासको निष्पक्ष मूल्याङ्कन गर्दा डा. फुहररलाई विवाद र योगदान दुवैका स्रोतको रूपमा विश्लेषण गर्नुपर्ने देखिन्छ। उनको योगदानले पुरातत्त्व क्षेत्रमा एकातिर विनाशकारी कार्यको चेतावनी दिएको छ भने अर्कोतिर आधुनिक पुरातत्त्व अनुसन्धानको मार्गनिर्देशन गर्ने अवसर पनि प्रदान गरेको छ।

केशर शमशेरद्वारा सन् १९३३-३४ मा गरिएको गोटीहवा उत्खनन्को विषयमा पनि प्राज्ञिक वृत्तमा सामान्य बहस हुनेगरेको छ। १९ औँ शताब्दीको अन्त्यतिर मेजर वाडेल र डा. फुहररले गोटीहवा स्तम्भको दक्षिणतिर केही उत्खनन् गरेको पाइन्छ (प्रधान, वि.सं. २०४५, पृ.५६)। त्यसपछि सन् १९३३-३४ मा उक्त स्थलमा रहेको एउटा पोखरीमा केशर शमशेरद्वारा गरिएको उत्खनन्मा पोखरीको पिँधमुनिको जमीन काठका मुढाहरूले बलियोसँग ढाकिएको पाइयो। यसको रहस्य पत्ता लगाउने प्रयास छोडेर केशर शमशेरले यसलाई यथावत छोप्न लगाए (प्रधान, वि.सं. २०४५, पृ.५७)। रहस्य तथा यथार्थता पत्ता लगाउने प्रयास नगरिएकोले उनको यस उत्खनन् के उद्देश्यको निम्ति थियो भन्न सकिन्न।

केशर शमशेरद्वारा सन् १९३३ देखि १९३९ सम्म लुम्बिनी र यस आसपासका क्षेत्रमा गरिएको भौतिक पूर्वाधारहरूको निर्माण कार्यको विषयमा पनि प्राज्ञिक क्षेत्रमा अर्को बहस हुनेगरेको पाइन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.२५०)। यस अवधिमा लुम्बिनी स्तम्भ नजिकै अमर्यादित किसिमले खन्ने खोस्रने काम गरिए। प्राप्त पुरातात्त्विक सामग्रीहरूलाई निर्माण सामग्रीको रूपमा प्रयोग गर्दै त्यहीँ प्राप्त मायादेवीको पुरानो मूर्ति राख्नका निम्ति मन्दिर र यात्रीका लागि धर्मशाला बनाइयो। खन्दा निस्केको माटोबाट केही ढिस्का निर्माण गरिएकोले उक्त कार्यबाट पुरावशेषहरू नष्ट भएका तथा स्तरको विरुन्यास भएको विश्वास गरिन्छ (रेग्मी, वि.सं. २०६१, पृ. १७)। नयाँ निर्माण गरेको संरचनामा आफ्नो कार्यकालको साल अङ्कित इट्टाको प्रयोग गरेकाले केशर शमशेरको यस जिर्णोद्वार कार्यलाई त्यत्ति वैज्ञानिक मानिँदैन (बज्राचार्य, वि.सं. २०७६, पृ.२५०)। उक्त निर्माण कार्यमा उनले भग्नावशेषलाई मात्र महत्त्व दिएको, प्राप्त वस्तुहरूको अभिलेख राख्ने तथा स्तरको ख्याल नगरेको, अवैज्ञानिक उत्खनन् तथा भग्नावशेषलाई उस्तै बनाउन अवैज्ञानिक जिर्णोद्वार गरेका कारण धेरै पुरातात्त्विक र ऐतिहासिक महत्त्वका सामग्री र स्थलहरू नास भएको पनि विश्वास गरिन्छ।

यस अवधिमा केशर शमशेरले मायाँदेवी मन्दिरको कलात्मक पुनर्निर्माण, लुम्बिनी भ्रमणमा आउने यात्रुहरूका लागि स्तम्भको दक्षिण-पश्चिम क्षेत्रमा पाहुनाघरको निर्माण, सुरक्षाको लागि प्रहरी चौकी निर्माण तथा साधारण अवस्थामा रहेको पुष्करणी पोखरीलाई इट्टा छापेर ठूलो र चारपाटे बनाएका थिए। उनले सञ्चालन गरेको यो निर्माण कार्यको सिलसिलामा विविध पुरातात्वितक सामग्रीहरू पनि फेला परेका थिए (बज्राचार्य, वि.सं. २०७६, पृ.२५१)। यस उत्खनन् तथा निर्माण कार्यको दौरानमा पुरातात्त्विक वस्तुहरूमा क्षति पुऱ्याउने उनको कुनैपनि गलत मनासय रहेको देखिँदैन। अत: केशर शमशेरको लुम्बिनी र यस आसपासका क्षेत्रमा गरिएको

उत्खननपछि भग्नावशेषहरूलाई संरक्षण र मायाँदेवी मन्दिर जिर्णोद्वार समेत गरिएकाले नेपाली पुरातत्त्वको सन्दर्भमा उनको यस भूमिकालाई अत्यन्तै महत्त्वपूर्ण मान्नुपर्ने देखिन्छ ।

## अशोक शिलास्तम्भसम्बन्धी बहस

नेपालको सीमाक्षेत्रभित्र मौर्यसम्राट अशोकका निग्लिहवा, लुम्बिनी र गोटिहावामा गरेर हालसम्म तीन शिलास्तम्भहरू प्राप्त भएका छन् । उक्त शिलास्तम्भहरू मौर्यसम्राट अशोकले आफ्नो भ्रमणको क्रममा इसापूर्व २४९ ताका स्थापित गरेको मानिन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.२०३ र २३१) । सन् १८९५ मा ब्राम्ही लिपि विशेषज्ञ जर्ज बुलरद्वारा निग्लिहवा स्तम्भमा उत्कीर्ण अभिलेख उल्था गरिएपछि सम्राट अशोकद्वारा कनकमनि बुद्धको सम्मान स्वरूप निग्लिहवा स्तम्भ स्थापित गरेको पुष्टि भएको छ (बज्राचार्य, वि.सं. २०७६, पृ.१७८ र २०४) । सन् १८९६ मा ब्राम्ही लिपि विशेषज्ञ Huttszch द्वारा लुम्बिनीबाट प्राप्त शिलास्तम्भको लेखअनुवाद गरिएपछि सम्राट अशोकले शाक्यमुनि बुद्धको सम्मानमा लुम्बिनी स्तम्भ स्थापित गरेको प्रमाणित भएको छ (प्रधान, वि.सं. २०४५, पृ.४७) । सन् १८९७-९८ ताका ए.सि. कार्लिलले अभिलेख उडिसकेको अवस्थामा पत्ता लगाएको गोटीहवा स्तम्भ सम्राट अशोकले क्रकुच्छनन्द बुद्धको सम्मान स्वरूप स्थापना गरेको चिनिया यात्रीहरू फाहियान र ह्वोयनसाङ्गको यात्रा वृत्तान्तको आधारमा प्रमाणित गर्न सकिन्छ (प्रधान, वि.सं. २०४५, पृ.५५ र ५६) । उल्लिखित आधारहरूमा सम्राट अशोकले उक्त समयमा कनकमनि बुद्धको जन्मस्थान तथा यसको महत्त्वलाई उजागर गर्न निग्लिहवा स्तम्भको स्थापना गरेको, शाक्यमुनि बुद्धको जन्मस्थान तथा यसको महत्त्वलाई उजागर गर्न लुम्बिनी स्तम्भको स्थापना गरेको र क्रकुच्छन्द बुद्धको जन्मस्थान तथा यसको महत्त्वलाई उजागर गर्न गोटीहवा स्तम्भको स्थापना गरेको प्रस्ट भएको छ ।

स्पष्ट आधार र लिखित प्रमाणहरू हुँदाहुँदै पनि यी स्तम्भहरूको प्रमणिकताको विषयमा बेलाबखत बहस उत्पन्न हुने गरेको छ । यस विषयमा विवाद उत्पन्न गराउने प्रयास गर्नेहरूमा चक्रधर माहापात्रा, सुवास चन्द्र पटनायक, चन्द्रभानु पटेल, प्रफुल्लचन्द्र त्रिपाठी तथा अजितकुमार त्रिपाठी लगायतका भारतीय इतिहासविद् तथा पुरातत्त्वबेत्ताहरूको स्पष्ट भूमिका रहेको देखिन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.१८३) । यस्ता भ्रमहरूलाई अझै मूर्तरूप दिने तथा बहसलाई विवादास्पद बनइराख्ने प्रयासमा चक्रधर महापात्रा र अजितकुमार त्रिपाठीले विशेष भूमिका खेल्दै आएका छन् । उनीहरूले कुनै ठोस प्रमाणको आधारबिना नै लुम्बिनीको अशोक स्तम्भ तथा स्तम्भ अभिलेख सक्कली नभई प्रतिलिपि मात्र रहेको दाबी प्रस्तुत गरेका छन् (बज्राचार्य, वि.सं. २०७६, पृ.१९८) । मजबुत प्रमाणहरू हुँदाहुँदै क्षेत्रीय दावेदारी र वैचारिक मतभेदका कारण यस क्षेत्रको अशोक शिलास्तम्भको सम्बन्धमा यदाकदा यस्ता बहसहरू उत्पन्न हुने गरेका छन् । यस प्रकारका ऐतिहासिक तथा पुरातात्त्विक बहसहरूले नेपाली सीमाभित्र रहेका मौर्यसम्राट अशोकको शिलास्तम्भसम्बन्धी अध्ययनलाई अझै जीवन्त बनाइरहेको छ ।

सम्राट अशोकले भारत, उत्तर प्रदेश, मिर्जापुर क्षेत्रको बारागाउँ स्थित चुनारको खानीबाट निकालिएको फुस्रो रातो वर्णको प्रस्तरबाट यी शिलास्तम्भहरूको निर्माण गराएका थिए (बज्राचार्य, वि.सं. २०७६, पृ.१९८) । उक्त स्तम्भहरू चुनारक्षेत्रमा निर्माण गरिएर लुम्बिनी क्षेत्रमा ल्याइएको विषयमा बहस नरहे तापनि यति विशाल स्तम्भहरू यतिका लामो दुरीसम्म कसरी स्थान्तरण गरियो भन्ने विषयको बहसचाहिँ अझै रहिरहेको छ । स्तम्भमा उल्लेख गरिएको शिलालेखले यसको समय र उद्देश्य पुष्टि गरे तापनि स्थानान्तरण र निर्माणको बारेमा स्पष्ट विवरण काहिँकतै भेटिँदैन । संक्षेपमा चुनारको प्रस्तरबाट निर्मित अशोक स्तम्भहरू लुम्बिनी क्षेत्रमा कसरी

स्थानान्तरण गरिए भन्ने प्रश्न आजसम्म अनुत्तरित छ । समय र उद्देश्य शिलालेखद्वारा स्पष्ट भएपनि निर्माण र स्थानान्तरण प्रक्रियाको विवरण अभावले यो विषय नेपाली पुरातत्त्वमा अझै पनि अनुसन्धान र बहसको केन्द्र बनिरहेको छ ।

## शलास्तम्भको लेख तथा जन्मस्मारक शिलासम्बन्धी बहस

सम्राट अशोकको शिलास्तम्भहरूमध्ये लुम्बिनीको शिलास्तम्भलाई तराई शिलास्तम्भ एवम् लघुस्तम्भको श्रेणीमा गणना गर्ने गरिन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.२१३) । धेरै विषय नसमेटिएको र एउटा छोटो अभिलेख मात्र कुँदिएको हुनाले यस स्तम्भलाई लघु स्तम्भ भनिएको हो । ऐतिहासिक तथा पुरातात्त्विक दृष्टिकोणले विषयको गाम्भीर्यतालाई हेर्दा लुम्बिनी शिलास्तम्भको विशेष महत्त्व रहेको छ। लुम्बिनी शिलास्तम्भको अभिलेखीय भाषाको स्पष्टता हेर्दा प्राप्त अन्य शिलास्तम्भ भन्दा यो उत्कृष्ट शिलास्तम्भ रहेको पनि मानिन्छ। निग्लिहवा तथा गोटीहवा स्तम्भहरूको अभिलेख प्रायस् पढ्न नसकिने तथा खण्डित भैसकेको अवस्थामा पाँच हरफमा कुँदिएको लुम्बिनी शिलास्तम्भको लिपि भने स्पष्ट र चिनेने अवस्थामा रहेको छ (बज्राचार्य, वि.सं. २०७६, पृ.२१४) ।

नेपालको लुम्बिनी नै शाक्यमुनि बुद्धको जन्मस्थल भएको तथ्यमा एकमत रहेको तथा लुम्बिनी अभिलेखको पूर्णपाठको अनुवादमा पनि विद्वान्हरूबीच भेद नरहे तापनि यस अभिलेखमा पूर्णविराम, अर्धविराम, पदयोग र पदवियोग प्रयोग नगरिएको हुँदा शब्द र वाक्य विन्यासमा विद्वान्हरूबीच फरक फरक दृष्टिकोण रहेको छ (बज्राचार्य, वि.सं. २०७६, पृ.२१५ र २१९) । ब्राम्ही लिपि तथा पाली भाषामा कुँदिएको यस स्तम्भको शब्द र वाक्य विन्यासमा डा. ए. ए. फुहरर, भिक्षु अनिरुद्र, डि.सि. सरकार, डा. राजवली पाण्डेय, डा. परमेश्वरीलाल गुप्त, जनार्दन भट्ट, राधागोविन्द बसाक, विपश्यना विशोधक विन्यास, डा. निहारिका लगायतका विद्वान्हरूले फरक-फरक मत राखेका पाइन्छन् (बज्राचार्य, वि.सं. २०७६, पृ.२१५-२१७) । आकारमा लघु भएपनि यसको अभिलेखीय स्पष्टता र ऐतिहासिक प्रमाणिकताका कारण लुम्बिनी शिलास्तम्भ सम्राट अशोकका शिलास्तम्भहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण मानिन्छ। शब्द र वाक्य विन्यास तथा पदविभाजनमा विद्वान्हरूबीच मतभेद भए तापनि यो अभिलेख लुम्बिनीलाई बुद्धको जन्मस्थानका रूपमा निर्विवाद प्रमाणित गर्ने प्रमुख आधार हो ।

*सिलाविगडभीचा* शब्दलाई सम्राट अशोकको लुम्बिनी अभिलेखमा पाइएका शब्दहरूमध्ये सबैभन्दा बढी विवादस्पद शब्द मानिन्छ । विभिन्न विद्वान्हरूले उक्त शब्दलाई आफ्नै किसिमले अर्थ लगाउने गरेका कारण पुरातत्त्व वृत्तमा यो एउटा महत्त्वपूर्ण बहसको विषय बनेको थियो ।

डा. फुहररले *सिलाविगडभीचा* शब्दलाई “घोडाको मूर्तिलाई शिलास्तम्भको शिर्ष भागमा राखेको” अर्थमा परिभाषित गरेका थिए । पूर्णचन्द्र मूखर्जीले “प्राकृतिक स्वरूपको शिलालाई नष्ट गर्दै अन्य स्वरूपको शिलाको निर्माण गरिएको” अर्थ लगाए । कारपेन्डियर र हुल्सले “घोडाको रूपमा धारण गरिएको शिला” भनेर व्याख्या गरे । राजवली पाण्डेयले “ढुङ्गाको बलियो बार” को रूपमा वर्णन गरे । राधा कुमुदले “एउटा ढुङ्गाको आकृति बनाउनमा मात्र सीमित नभई एउटा शिलास्ताम्भ पनि बनाउन लगाएको” अर्थमा विष्लेषण गरे । डा. परमेश्वोरीलालले “ढुङ्गाको विशाल पर्खाल निर्माण गरी घेर्न लगाएको” तथा भारत सरकारले “ढुङ्गाको एउटा प्राचीन स्तम्भ” को अर्थमा *सिलाविगडभीचा* शब्दलाई स्वीकार गरेको पाइन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.२२४ र १२५) ।

सन् १९९२ मा पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष र जापान बुद्धिस्ट फेडरेसनको संयुक्त टोलीले तत्कालीन मायादेवीको मन्दिरको उत्खनन् गरेको थियो ९द्यष्मबचष, द्दण्ण्ठ, उ।ज्ञडद्द०। यस उत्खनन्को क्रममा जमीनको १६ फिटमुनि मानिसको पाइताला जस्तै देखिने एउटा स्थानीय चुनढुङ्गा फेला पऱ्यो (बज्राचार्य, वि.सं. २०७६, पृ.२२६)। लम्बाइ ६८ *एम.एम.* र चौडाइ ३५ *एम.एम.* रहेको यस ढुङ्गाको प्राप्तिपछि विद्वान्, पुरातत्त्वविद्, वास्तुकलाविद् र इतिहासकारहरूको भेलाले एउटा निष्कर्ष निकाली यसलाई बुद्धले प्रथम पटक भूस्पर्श गरेको स्थानको प्रतीकका रूपमा स्वीकार गऱ्यो (बज्राचार्य, वि.सं. २०७६, पृ.२२६)। अन्ततः वि.स. २०५२ माघ २१ मा नेपालको तत्कालीन सरकारले अन्तर्राष्ट्रिय विशेषज्ञ टोलीहरूको सुझावमा बुद्ध जन्मको पवित्रस्थल “जन्मशिला चिन्ह” अर्थात् *सिला–विगड–भीचा* लुम्बिनीमा भेटिएको उद्घोष गरेपछि यस विषयको बहस अन्त्य भएको हो।

सम्राट अशोकद्वारा लुम्बिनी भ्रमणको क्रममा बुद्ध जन्मस्मारक शिला स्थापना गरिएको थियो कि उनको आगमनपूर्व नै उक्त स्थानमा यो शिला स्थापित थियो भन्ने विषयमा प्राज्ञिक जगत्मा बहस हुने गरेका छन्। यो शिला स्थापित गर्नुको उद्देश्यको सम्बन्धमा पनि बहस हुने गरेको पाइन्छ। बज्राचार्य (वि.सं. २०७६) ले यस विषयमा धारणा राख्दै “साङ्केतिक जन्मशिला अशोकबाट राख्न लगाइएको थियो भन्ने केही विद्वान्हरूको बुझाइ छ। वस्तुतः साङ्केतिक जन्मशिला चिन्ह उक्त स्थानमा सम्राटको उपस्थिति पूर्व नै रहेको थियो। (पृ.१०३)” भनेर उल्लेख गरेका छन्।

द्यष्मबचष ले यस सन्दर्भमा सम्राट अशोकले लुम्बिनी तीर्थयात्राका क्रममा बुद्ध जन्मस्थलमा जन्मशिला चिन्ह स्थापना गरेको भन्ने केही विद्वानहरूको धारणासँग सहमति जनाएका छैनन् (2009, p.98)। उनको विचारमा सम्राट अशोकलाई बुद्ध जन्मस्थलमा केही चिन्हहरू अवस्थित रहेको यात्राअघि नै जानकारी रहेकाले उनले आफ्नो लुम्बिनी भ्रमणको सम्झनामा त्यहाँ स्तम्भ स्थापना गर्न चाहेका थिए। यदि सम्राटले जन्मस्थल चिन्ह नै स्थापना गर्न चाहेको भए बोधी चैत्य, बुद्धको पदचिह्न वा जन्मस्थल देखाउने प्रस्तर नक्काशी जस्ता प्रतीकात्मक सामग्री साथमा ल्याउने थिए भनेर उनले विश्लेषण गरेका छन् (Bidari, 2009, p.98)।

लुम्बिनी शिलास्तम्भको अभिलेखमा उल्लेख *सिलाविगडभीचा* शब्दलाई जन्मस्मारक शिलासँग सम्बन्धित गरी व्याख्या गरिए तापनि यसको अर्थ अन्य केही हुनसक्ने शङ्का अझै राख्न सकिन्छ। आस्थाको दृष्टिले यसलाई बुद्धले प्रथम पटक भूस्पर्श गरेको स्थानको प्रतीकका रूपमा स्वीकार गरिएको छ। वास्तवमै यो शिलालाई बुद्धको जन्मपछि र सम्राट अशोकको लुम्बिनी तीर्थयात्राको बीचमा शाक्यमुनि बुद्धको सम्मानस्वरूप कसैले प्रतिस्थापन गरेको हुनसक्दछ। अतः प्राज्ञिक वृत्तमा लुम्बिनीको बुद्ध जन्मस्थलमा रहेको शाक्यमुनि बुद्धको जन्मस्मारक शिला कसले, कहिले, कसरी र किन स्थपना गऱ्यो भन्ने विषयको बहस समय-समयमा चलिरहेको छ।

## सम्राट अशोकको नेपाल भ्रमणसम्बन्धी बहस

नेपाली इतिहास र पुरातत्त्वको क्षेत्रमा मौर्यसम्राट अशोकको नेपालको भ्रमणको सन्दर्भमा पनि विभिन्न बिचार-विमर्शहरू हुने गरेको पाइन्छ। सम्राट अशोकको लुम्बिनी र काठमाडौँ उपत्यका भ्रमणको सन्दर्भमा विभिन्न साहित्यिक स्रोत तथा विद्वान्हरूको विचारमा ऐक्यवद्धता रहेको पाइँदैन। यही सन्दर्भमा सर्वप्रथम सम्राट अशोकको नेपाल भ्रमण भन्नाले लुम्बिनी क्षेत्रलाई मात्र मान्ने कि नेपाल खाल्डो काठमाडौँ उपत्यकालाई पनि मान्ने भन्ने विषयमा विभिन्न टिकाटिप्पणी हुने गरेको छ। यस्ता टिकाटिप्पणीले सम्राट अशोकको नेपाल भ्रमणको

सन्दर्भलाई बहसको विषय बनाएका छन् । यसैलाई केन्द्रमा राखेर सम्राट अशोकको लुम्बिनी तथा काठमाडौं उपत्यका भ्रमणको सम्बन्धमा निम्न विश्लेषण गरिएको छ ।

## सम्राट अशोकको लुम्बिनी भ्रमणसम्बन्धी बहस

महापरिनिर्वाण हुनुपूर्व बुद्धले आफ्ना अनुयायीहरूलाई उनको जीवनसँग सम्बन्धित चार संवेजनीय स्थलहरू लुम्बिनी, बोध-गाया, सारनाथ र कुशिनगरको भ्रमण गर्नु अत्यन्त पुण्ड्यकारी कार्य हुने बताएको पाइन्छ (सिंह, सन् १९९३, पृ.xiii) । यसो भन्नुको अर्थ संक्षेपमा, शाक्यमुनि बुद्धले आफ्ना अनुयायीहरूलाई आफ्नो जन्मस्थल, ज्ञान प्राप्त गरेको स्थान, पहिलोपल्ट प्रवचन दिएको स्थान र मृत्युवरण गरेको स्थानलाई विशेषरूपमा लिन निर्देश गरेको विश्लेषण गर्न सकिन्छ । बौद्धधर्ममा आस्था राख्नेहरूले कालान्तरमा यसैलाई आधार मानेर जीवनमा एक पटक बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमणमा जाने गरेको पाइन्छ । अतः यसै सिलसिलामा ईसापूर्व २४९ ताका मौर्यसम्राट अशोकको लुम्बिनी तीर्थ-भ्रमण भएको हो (Deshpande, 2013, p.28) ।

मौर्यसम्राट अशोक कलिङ्ग युद्धको विजय अभियानको क्रममा लाखौं मानिसहरूको हत्या भएकोमा आत्मग्लानि र पश्चातापमा परे । बौद्ध दर्शनबाट निक्कै प्रभावित भएर उनले अन्त्यमा यसै दर्शनबाट मात्र प्राणीहरूको वास्तविक कल्याण र जीवनमा सुख प्राप्त हुने निष्कर्ष निकाले । फलस्वरूप सम्राट अशोक बौद्ध दर्शन अँगाल्दै यसै धर्मका अनुयायी बनेका हुन् (बज्राचार्य, वि.सं. २०७६, पृ.१००) ।

बौद्धधर्मका अनुयायी बनेका सम्राट अशोक बुद्धले आफ्नो जीवनको अन्तिम समयमा भिक्षुहरूलाई गरेको आग्रह अनुरूप बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गरेका थिए । सम्राट अशोक लुम्बिनीमा आए कि आएनन् भन्ने विषयको बहसमा तथ्यगत आधारमा उनी आफैं लुम्बिनीमा उपस्थित भएको प्रमाणको रूपमा लुम्बिनी स्तम्भमा उल्लेख गरिएको "*देवानपियेन पियदसिन् लाजिन विसति वसाभिसितेन अतन आगाच महीयिते हिद बुधे जाते सक्यमुनि ति....*" लाई मान्न सकिन्छ । यसको शाब्दिक अर्थ "देवाताहरूको मनपर्ने प्रियदर्शी राजा राज्यभिषेकको बीसवर्षपछि यहाँ आफैं आएर दण्डवत गरे ...." भन्ने हुन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.२१७) । अतः सम्राट अशोकद्वारा स्थापना गरिएको शिलास्तम्भ र त्यसमा उत्कीर्ण गरिएको लेखले उनको लुम्बिनी भ्रमण केवल अनुमान मात्र नभएर उक्त समयमा लुम्बिनीमा उनको स्वयम् उपस्थिति रहेको स्पष्ट प्रमाणित गरेको छ ।

यद्धपि, सम्राट अशोकको लुम्बिनी भ्रमणको सम्बन्धमा केही भारतीय विद्वान्हरूले विभिन्न तर्कहरू प्रस्तुत गर्ने गरेका छन् । भारतीय विद्वान् चन्द्रभानु पटेलले शाक्यमुनि बुद्धको जन्मस्थल भारतको उडिसा राज्यान्तर्गत कपिलेश्वोरको लुम्बाईमा पर्ने गलत तथ्य अघि सार्दै उडिसा आगमनको क्रममा सम्राट अशोकले बुद्ध जन्मस्थलको वर्णनसहित स्तम्भाभिलेख खडा गरेको र कालान्तरमा शैवहरूद्वारा बौद्ध संरचनाहरूमाथि पटक-पटक अतिक्रमण हुँदा यस्ता संरचनाहरू सुरक्षित राख्नका निम्ति नेपालको तराई पुऱ्याइएको भन्ने झुटा कथनहरू उल्लेख गरेको पाइन्छ । अर्का भारतीय विद्वान् चक्रधर महापात्राले लुम्बिनीको अशोक शिलास्तम्भ अभिलेख नै नक्कली भएको गलत दाबी गरेको उल्लेख पनि पाइन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ.१८२) । यस्ता दाबीहरूले मौर्यसम्राट अशोकको ईशापूर्व २४९ ताका भएको भनिएको लुम्बिनी भ्रमणलाई चुनौती दिने कोसिस गरेको छ । यस विषयमा कुनै ठोस आधार र स्पष्ट प्रमाणहरू भने पाइएको छैन । क्षेत्रीय दावेदारी र वैचारिक मतभेदका कारण स्पष्ट आधार र ठोस प्रमाणहरू बिना नै प्रस्तुत भएका यस्ता दाबीहरू स्वतः झूट सावित हुँदै मौर्यसम्राट अशोकको लुम्बिनी भ्रमणलाई अझ स्पष्ट बनाएको छ ।

## सम्राट अशोकको काठमाडौँ उपत्यका भ्रमणसम्बन्धी बहस

मौर्यसम्राट अशोकको नेपाल भ्रमणअर्न्तगत काठमाडौँ उपत्यका भ्रमणको सम्बन्धमा पनि बहसहरू हुनेगरेको पाइन्छ । केही विद्वान्हरूले ईसापूर्व २४९ ताका सम्राट अशोकले काठमाडौँ उपत्यकाको पनि भ्रमण गरेको विश्वास गरेका छन् । केही विद्वान्हरूले भने उक्त समयमा सम्राट अशोक काठमाडौँ आएको तर्कलाई अस्वीकार गरेका छन् ।

Wright ले किँरात राजा स्थुंकोको समयमा सम्राट अशोक आफ्ना गुरू उपगुप्त, महारानी तिष्यरक्षिता र राजकुमारी चारुमतिसहित नेपाल आएको उल्लेख गरेका छन् (1990, p.111) । उनका अनुसार उक्त समयमा सम्राटले आफ्नो नाउँमा अशोकपतन शहर बसाएका थिए । काठमाडौँ उपत्यकाका विभिन्न ठाउँहरूमा सम्राट अशोकले स्तूप पनि स्थापना गरेका थिए । सम्राटले छोरी चारुमतिको विवाह अशोकपतनका राजकुमार देवपालसँग गरिदिएका थिए । चारुमतिले देवपतनमा आफ्नो नाउँबाट एउटा बिहार स्थापना गरेकी थिइन् । उक्त बिहारलाई नै हाल चावहिल बिहार भनिएको पनि उनले उल्लेख गरेका छन् (Wright, 1990, p.111-113) ।

Lévi ले तत्कालीन समयमा मौर्यसम्राट अशोक काठमाडौँ उपत्यका आएर विभिन्न स्थानमा स्तूपहरू निर्माण गरिदिएको उल्लेख गरेका छन् (1905, p.24) । सम्राटले आफ्नी छोरी चारुमतिको विवाह स्थानीय क्षेत्री युवक देवपालसँग गरिदिएको पनि उनले गरेका उल्लेख छन् (Lévi, 1905, p.24) ।

आचार्यले यस विषयमा फरक मत राख्दै सम्राट अशोकको समयमा नेपालमा किँरात राज्य स्थापना भइसकेकोले अन्य राज्यमा सम्राट अशोक नआएको उल्लेख गरेका छन् (वि.सं.२०५४, पृ.१३०) । सम्राट अशोकले ललितपुरमा चारवटा स्तूप स्थापना गरेको तथा छोरी चारुमतिको विवाह यहाँको स्थानीय राजकुमार देवपालसँग गरिदिएको भन्ने तथ्य पनि गलत रहेको उनको विश्लेषण छ (आचार्य, वि.सं.२०५४, पृ.१३०) ।

प्रधानले सम्राट अशोक तीर्थ गर्न गएको स्थानहरूमा शिलालेखहरू पाइएको तर पाटन शहर वा काठमाडौँ उपत्यकामा लुम्बिनी-कपिलवस्तुमा जस्तै अभिलेखहरू नपाइएको चर्चा गरेका छन् (वि.सं. २०४५, पृ.७०) । काठमाडौँ उपत्यकाको भौगालिक स्थितिअनुसार सेना र लावालस्करको साथ सम्राट अशोक एकपछि अर्को उकालो चढेर यहाँसम्म आउने सम्भावना एकदमै कम रहेको उनको तर्क छ । तसर्थ यस तथ्यमा अस्वभाविकता देखिएको उनको विश्लेषण छ (प्रधान, वि.सं. २०४५, पृ.७०) ।

पण्डेयले तत्कालिन अवस्थामा लुम्बिनी-कपिलवस्तु मौर्य साम्राज्यअन्तर्गत पर्ने हुँदा सम्राट अशोकको लुम्बिनी भ्रमणलाई नेपाल भ्रमण भन्न नमिल्ने उल्लेख गरेका छन् (वि.सं. २०५७, पृ.३२) । काठमाडौँ उपत्यका आएको यथेष्ट प्रमाणहरू काहिँकतै नपाइएको हुनाले सम्राट अशोकले नेपाल टेक्दै नटेकेको सङ्केत प्राप्त भएको तर्क पनि उनले प्रस्तुत गरेका छन् (पाण्डेय, वि.सं. २०५७, पृ. ३३) ।

फरक-फरक साहित्यिक स्रोत तथा विभिन्न विद्वान्हरूको बीचमा भिन्न-भिन्न मतहरू देखापर्ने कारण प्राज्ञिक वृत्तमा सम्राट अशोकको काठमाडौँ उपत्यकाको भ्रमण एउटा ऐतिहासिक बहसको विषय बनेको छ । सम्राट अशोकको काठमाडौँ उपत्यका भ्रमणसम्बन्धी विषय ऐतिहासिक प्रमाणहरूको अभावका कारण विवादास्पद रहँदै आएको छ । कतिपय वंशावली र परम्परागत कथनहरूले उनको आगमन र स्तूप निर्माणको विषयलाई उल्लेख गरेपनि ठोस अभिलेखीय प्रमाणको अभावमा धेरै इतिहासकारहरूले यस दाबीलाई अस्वाभाविक मानेका छन् ।

सन् २००२-२००४ मा भएको काठमाडौँ स्थित चावहिलको बिहारको पुनर्निर्माणको क्रममा ब्राह्मी लिपिमा *"चारुमति"* उत्कीर्ण गरिएका प्राचीन सामग्रीहरू भेटिएका छन् (Shakya, 2013, p.88) । यसबाट राजकुमारी चारुमतिको काठमाडौँ उपत्यका आगमनको सम्बन्धमा केही बल मिल्ने देखिन्छ। अतः सम्राट अशोक काठमाडौँ आएको र छोरी चारुमतिको विवाह यहाँका राजकुमारसँग गरिदिएको तथा केही स्तूपहरू निर्माण गरेको हुनसक्ने तर्क राख्न पनि सान्दर्भिक देखिन्छ । तरपनि नेपाली इतिहासको क्षेत्रमा सम्राट अशोकको काठमाडौँ आगमन अझै खुल्ला बहसको विषय बनिरहेको छ ।

## छलफल तथा निष्कर्ष

नेपाली इतिहास तथा पुरातत्त्व क्षेत्रसँग सम्बन्धित अध्ययनअन्तर्गत लुम्बिनी क्षेत्रसँग सम्बन्धित ऐतिहासिक तथा पुरातात्त्विक बहसहरूको अध्ययनलाई महत्त्वपूर्ण विषयको रूपमा लिन सकिन्छ। लुम्बिनी क्षेत्र नेपालको एक प्रमुख पुरातात्त्विक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक स्थल हो । लुम्बिनी र यस वरपरका क्षेत्रहरूमा भएका उत्खनन्हरूबाट शाक्यमुनि बुद्धको जन्मस्थल पहिचान गर्ने कार्यहरू भएका छन् । यो क्षेत्र शाक्यमुनि बुद्ध जन्मस्थलको रूपमा संसारभर परिचित छ ।

उपलब्ध साहित्यिक स्रोतहरूको व्याख्या-विश्लेषणले यस क्षेत्रसँग सम्बन्धित विविध विषयहरूमा बहसहरू निहित रहेका देखिन्छन् । लुम्बिनीको आधिकारिकताको विषयदेखि लुम्बिनीको अशोक शिलास्तम्भ पत्ता लगाउने व्यक्ति, प्रारम्भिक चरणका उत्खनन् तथा जीर्णोद्धार, यस क्षेत्रका अशोक शिलास्तम्भको प्रमाणिकता, शिलास्तम्भको लेख, जन्मस्मारक शिलाको व्याख्या तथा सम्राट अशोकको नेपाल भ्रमण लगायतका विषयहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राज्ञिक वृत्तमा बहसहरू हुने गरेका पाइन्छन् । यी बहसहरूले लुम्बिनी क्षेत्रसँग सम्बन्धित यस्ता विषयहरूमा अझै सशक्तरूपमा थप अध्ययन गर्नुपर्ने आवश्यकता रहेको स्पष्ट पारेको छ ।

लुम्बिनी क्षेत्रसँग सम्बन्धित बहसहरू ऐतिहासिक प्रमाण तथा पुरातात्त्विक उत्खनन्मा आधारित छन् । सम्राट अशोकले इसापूर्व २४९ मा लुम्बिनीको भ्रमणगरी स्तम्भ स्थापना गरेको अभिलेखमा उल्लेख छ । यस स्तम्भमा रहेको शिलालेखले लुम्बिनीलाई शाक्यमुनि बुद्धको जन्मस्थलको रूपमा प्रमाणित गरिसकेको छ । लुम्बिनीको आधारिकताको सम्बन्धमा केही अन्तर्राष्ट्रिय प्राज्ञिक वृत्तमा नकरात्मक बहसहरू हुने गरेता पनि यस विषयमा यथेष्ट प्रमाणहरू पाइँदैन । लुम्बिनीको अशोक शिलास्ताम्भ पहिचान गर्ने व्यक्तिको सम्बन्धमा बहस रहेको छ । शिलालेखमा उत्कृर्ण गरिएका शब्दका अर्थहरूमा प्राज्ञिक जगत्मा विविध मतभेद रहेको पाइन्छ । शाक्यमुनि बुद्धको जन्मस्मारक शिला स्थापना गर्ने व्यक्ति तथा यसको उद्देश्य विषयमा पनि बहस रहेका छन् । लुम्बिनी क्षेत्रमा गरिएका उत्खनन्का सम्बन्धमा विभिन्न बहस हुने गरेको छ । .लुम्बिनी तथा कपिलवस्तु क्षेत्रमा सम्राट अशोकका अभिलेखीय प्रमाणहरू पाइएका कारण नेपाली प्राज्ञिक वृत्तमा अशोकको लुम्बिनी-कपिलवस्तु भ्रमणको विषयमा त्यति धेरै बहस हुने गरेको छैन । काठमाडौँ उपत्यका भ्रमणको सम्बन्धमा भने विद्वान्हरूबीच विभन्न मतभेद रहेका छन् । त्यसैले यो विषयमा अझै खोजको आवश्यकता छ ।

लुम्बिनी क्षेत्रसँग सम्बन्धित यस्ता ऐतिहासिक तथा पुरातात्त्विक बहसहरू नेपालकै महत्त्वपूर्ण अनुसन्धानका विषय हुन् । अशोक शिलास्तम्भको प्राप्ति र यसको उत्खननबाट बुद्धको जन्मस्थलको पुष्टि भएपनि अझै यिनै विषयहरूसँग सम्बन्धित केही विवाद र मतभेदहरू कायम छन् । लुम्बिनीको ऐतिहासिक सत्यता र पुरातात्त्विक प्रमाणलाई अझ बलियो तुल्याउन यस क्षेत्रको निरन्तर अध्ययन तथा थप वैज्ञानिक अनुसन्धानको आवश्यकता रहेको देखिन्छ ।

## सन्दर्भसामग्री


आचार्य, बाबुराम (वि.सं. २०५४), *नेपालको सांस्कृतिक परम्परा* (श्रीकृष्ण आचार्य, सम्पा.), श्रीकृष्ण आचार्य ।

जोशी, सत्यमोहन (वि.सं. २०१९), *पुरातत्त्व एक रोचक कथा,* जगदम्बा प्रकाशन ।

प्रधान, भुवनलाल (वि.सं. २०४५), *नेपालमा बौद्धधर्म,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, मधुसूदन (वि.सं. २०५७), *नेपालको इतिहासका केही अपुष्ट पक्षहरू,* किरण पन्थी (पाण्डेय) ।

बज्राचार्य, गौतम वीर (वि.सं. २०७६), *लुम्बिनी : हिद बुधे जाते सक्य मुनी-ति,* श्रीमती तारा देवी बज्राचार्य, डा. बिक्रम वीर वज्राचार्य, डा. अनुजा वज्राचार्य, डा. गौरव वीर वज्राचार्य ।

महर्जन, बसन्त (सन् २०१२), *गन्तव्य लुम्बिनी,* इनसाइट् पब्लिकेशन ।

रेग्मी, दिनेशचन्द्र (वि.सं. २०६१), हिद बुधे जाते सक्यमुनीतिः लुम्बिनी स्तम्भलेखको व्याख्या, *आनन्दभूमि, ३२*(१), १६-२१ ।

वज्राचार्य, लोकदर्शन (वि.सं. २०६३), *लुम्बिनीञ्एक स्मृति,* श्रीमती बासन्तीदेवी वज्राचार्य ।

सिंह, प्रिय सेन (सन् १९९३), *भारत के प्रमुख बौद्ध तीर्थ-स्थल,* ईस्टर्न बुक लिंकर्स ।

Bidari, B. (2007). *Lumbini: A heaven of sacred refuge*. Author.

Bidari, B. (2009). *Lumbini beckons*. Author.

Deshpande, A. (2013). *Buddhist India rediscovered*. Jaico Publishing House.

Fuhrer A. (1972). *Antiquities of Buddha Sakyamuni's birth place in the Nepalese Tarai.* Indoligical Books House.

Lavi, S. (1905). *Le Nepal*. Nepal Ernest Leroux, Editeur.

Mitra, D. (1972). *Excavations at Tilaura-kot and Kodan and explorations in the Nepalese Tarai*. The Department of Archaeology, His Majesty’s Government of Nepal

Mukherji, P. C. (1901). *A report on a tour of exploration antiquities in the Tarai, Nepal*. Office of the Superintendent of Government Printing, India.

Rai, G., & Sherpa, P. (2019). *Lumbini* (B. Bidari, K. Weise & S. Udas, Eds.). Lumbini Development Trust.

Rijal, B. K. (1984). The birthplace of Lord Buddha. *Ancient Nepal, 82*, 10-18.

Shakya, M. R. (2013). *Namo Buddhaya: A Buddhist study*. Shrijana Devi Shakya.

Vaidya, T. R. (1999). Lumbini the peace-shrine and place of pilgrimage. *Ancient Nepal, 143*, 1-7.

Wright, D. (1990). *History of Nepal.* Asian Educational Service.